# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः९ संख्याः मितिः२०८२/०४/२५

## भाग २

### राप्ती गाउँपालिका, दाङ

कार्यपालिकाबाट स्वीकृतः२०७९/०५/१९

कार्यपालिकाबाट पहिलो संशोधन मितिः २०८०/०४/२२

कार्यपालिकाबाट दोश्रो संशोधन मितिः २०८२/०४/१६

# राप्ती गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि-२०७९

# राप्ती गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन

## कार्यविधि- २०७९

राप्ती गाउँपालिका पशुसेवा शाखा मार्फत सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्दै पशुजन्य उत्पादन र उत्पादकत्व वढाउन, परम्परागत पशुपालन प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषक, व्यवसायिक फार्म, कृषि समूह र सहकारीहरुलाई पशु सेवा, सामग्री, तालिम, प्रविधिका साथै पशुजन्य उत्पादनको उचित मूल्य र बजार पँहुचको व्यवस्था, लाभहरुको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप पशुपालन क्षेत्रको विकास, व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक ब्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ण) बमोजिम राप्ती गाउँपालिकाले पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९ तयार गरेको छ।

निर्णय मिति : २०७९।०५।१९

कार्यपालिकाबाट पहिलो संशोधन मिति : २०८०।०४।२२

कार्यपालिकाबाट दोश्रो संशोधन मितिः२०८२।४।१६

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि राप्ती गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपश्चात लागु हुनेछ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "बोयर बोका" भन्नाले उच्च शारीरिक वृद्धिदर भएका दक्षिणी अफ्रिका वा अष्ट्रेलियामा विकसित गरिएका टाउको रातो र शरीर सेतो भएका वा शुद्ध रातो रङ भएका वा शारीरिक रुपमा बोयरको नश्लीय शुद्धतालाई देखाउने बोकालाई जनाउँछ।

(ख) "आर्थिक विकास समिति" भन्नाले राप्ती गाउँपालिका अन्तर्गत गठित आर्थिक विकास हेर्ने विषयगत समिति सम्झनु पर्छ।

(ग) "अनुदान" भन्नाले यस कार्यविधि अनुसार सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनुपर्छ।

(घ) "कम्पनी" भन्नाले व्यवसाय गर्नचाहने व्यक्ति वा समूहले कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले राप्ती गाउँपालिकाको कार्यालय सम्झनुपर्छ।

(च) "कृषक समूह" भन्नाले पशुपालन पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका न्यूनतम १०-२५ सदस्यहरु मिली सामूहिक प्रयत्नबाट पशुपालन क्षेत्रको साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई राप्ती गाउँपालिकामा दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

(छ) "फार्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएका निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले राप्ती गाउँपालिकालाई सम्झनुपर्छ।

(झ) "कृत्रिम गर्भाधानकर्ता" भन्नाले गाई भैसीमा कृत्रिम गर्भाधान गर्न राप्ती गाउँपालिकाले नियुक्त गरेका कृत्रिम गर्भाधानकर्ता सम्झनुपर्छ।

(ञ) "सिमेन" भन्नाले बहर वा राँगोको बिज सम्झनुपर्छ।

(ट) "तरल नाइट्रोजन" भन्नाले सिमेन संरक्षणमा प्रयोग हुने तरल नाइट्रोजन सम्झनुपर्छ।

(ठ) "निजी डेरी" भन्नाले राप्ती गाउँपालिका तथा कर कार्यालयमा दर्ता भएका दूधको कारोबार गरिरहेका व्यक्ति वा समूहद्वारा सञ्चालित दुग्ध उद्योगलाई सम्झनुपर्छ।

**३. उद्देश्य**

(क) गाउँपालिका भित्र रहेका स्थानीय बाखाको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(ख) बाखापालन व्यवसायलाई आधुनिक, ब्यवसायिक र प्रतिस्पर्धी बनाउने,

(ग) दीर्घकालिन रुपमा उन्नत नश्लको बाखाको श्रोत केन्द्र स्थापना गर्ने,

(घ) पशुजन्य पदार्थ[1]को उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

(ङ) प्रविधि हस्तान्तरण मार्फत् पशुपालन व्यवसायलाई ब्यबसायिकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(च) कार्यक्रमहरु ब्यबस्थित पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने,

(छ) उन्नत नश्लका गाईभैंसीको सङ्ख्या वृद्धि गरी उत्पादकत्व वृद्धि गर्ने,

(ज) अनुदान वितरण प्रणालीलाई प्रक्रियामुखीबाट परिणाममुखी बनाउने,

(झ) दूध उत्पादन पेशालाई आयमूलक प्रतिस्पर्धी एवं दिगो व्यवसायको रुपमा विकास गर्ने,

(ञ) अनुदानको सही र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने,

(ट) साना कृषकहरुको उत्पादनलाई संगठित बजारसम्म पहुँच वढाउने,

(ठ) राप्ती गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गर्ने।

## परिच्छेद २
## कार्य सञ्चालन प्रक्रिया

**४. बोका वितरण**

**(क) ५०% सहकार्यमा बोका[2] वितरण :**

यस प्रयोजनका लागि व्यबसायिक वाखापालन[3] गर्ने कृषक/फार्म/समूह/सहकारीहरु पर्नेछन्।

(१) कार्यक्रम स्वीकृत पश्चात आर्थिक विकास समितिको निर्णयबाट १५ दिने प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी पशुपालन फार्म/समूह/सहकारीहरुले [4]अनुसूची-१ अनुसारको ढाँचामा प्रस्ताव माग गर्ने।

---

[1]वस्तुलाई पदार्थ कायम गरिएको।

[2]वोयर हटाइएको।

[3]पशुपालन हटाइ बाखापालन गर्ने कृषक कायम गरिएको।

[4]अनुसूची मार्फत हटाइएको।

(२) प्रस्ताव प्राप्त भए पश्चात मूल्यांकन समितिवाट अनुसूची-२ वमोजिम मूल्यांकन गर्ने । मूल्याङ्कन पश्चात विनियोजित वजेटवाट बोका खरिद वापतको खर्च, ढुवानी तथा अन्य आवश्यक विषयमा रकम छुट्याउने र कृषक फार्म/समूह/सहकारीवाट प्रतिबोकाको ५०% वापतको लागत साभेदारी रकम संकलन गरेपश्चात बोका खरिद गर्ने ।

(३) छनौट भएका पशुपालन फर्म /समूह/सहकारीहरु संग अनुसूची-३ वमोजिम सम्भौता गरी बोका उपलब्ध गराउने ।

(४) सम्भौता गरिएका फार्म/समूह/सहकारी संस्थावाट [5]त्रैमासिक प्रगति माग गर्ने ।

**(ख) निःशुल्क बोका[6] वितरण**

यस प्रयोजनका लागि मुक्त कमैया/कम्लहरी समूह, एकल महिला कृषक समूह तथा गरिवी निवारणका लागि गठित कृषक र समूहहरु पर्नेछन् ।

(१) कार्यक्रम स्वीकृत पश्चात कार्यालयले सूचना प्रकाशन गर्ने र [7]वाखापालन गर्ने कृषक/समूहले अनुसूची-१ अनुसारको ढाँचामा निवेदन दिने ।

(२) प्रस्ताव प्राप्त भए पश्चात मूल्यांकन समितिवाट अनुसूची-२ वमोजिम मूल्यांकन गरी आर्थिक विकास समितिवाट अनुमोदन गराउने र विनियोजित वजेटवाट बोका खरिद वापतको खर्च, ढुवानी तथा अन्य आवश्यक विषयमा रकम छुट्याउने र बोका खरिद गर्ने ।

(३) छनौट भएका पशुपालन फर्म /समूह/सहकारीहरु संग अनुसूची-३ वमोजिम सम्भौता गर्ने र बोका वितरण गर्ने ।

(४) सम्भौता गरिएका फार्म/समूह/सहकारी संस्थावाट [8]त्रैमासिक प्रगति माग गर्ने ।

**५. घाँस विकास कार्यक्रमः**

(क) घाँस विकास अन्तर्गतका कार्यक्रम, मापदण्डहरु, क्रियाकलापहरु र अनुदान वितरण प्रक्रिया

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वर्षिम, जै, सुडान र टियोसेन्टी घाँसको विउ वितरण | यस कार्यक्रमका लागि घाँस उत्पादनमा प्रयोग हुने पशुपालन गरेका कृषक, दर्ता भएका फार्म, समूह वा सहकारी परेछन्। | घाँस उत्पादनमा प्रयोग हुने विउ खरिद तथा ढुवानी अनुदान । | परल मूल्यमा ७५[9] % अनुदान तथा ढुवानीमा १००% अनुदान (ढुवानीमा एकमुष्ठ खरिदमा मात्र) | माग परिमाणलाई वजेटसंग भिडाइ बजेटले पुग्ने गरी वितरण गरिने |
| २ | हाइब्रीड नेपियर वा बहुवर्षे घाँसका सेट्स | यस कार्यक्रमका लागि घाँस उत्पादनमा प्रयोग हुने पशुपालन गरेका कृषक, दर्ता भएका फार्म, समूह ,सहकारी वा कम्पनी । | घाँस उत्पादनमा प्रयोग हुने सेट खरिद तथा ढुवानी अनुदान | सेट खरिद तथा ढुवानीमा सतप्रतिसत अनुदान (ढुवानीमा एकमुष्ठ खरिदमा मात्र) | माग परिमाणलाई वजेटसंग भिडाइ वितरण गरिने |

[5] मासिक हटाइएको ।
[6] र थप गरिएको ।
[7] फर्म र सहकारी हटाइएको ।
[8] यो खण्ड हटाइएको ।
[9] ७०% लाई ७५% कायम गरिएको ।

| क्र.स. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ३ | डाले घाँसका विरुवा वितरण | यस कार्यक्रमका लागि घाँस उत्पादनमा प्रयोग हुने पशुपालन गरेका कृषक, दर्ता भएका फार्म, समूह ,सहकारी वा कम्पनी । | घाँस उत्पादनमा प्रयोग हुने विरुवा खरिद तथा ढुवानी अनुदान | विरुवा खरिद तथा ढुवानीमा शतप्रतिशत अनुदान (ढुवानीमा एकमुष्ठ खरिदमा मात्र) | माग परिमाणलाई वजेटसंग भिडाइ वितरण गरिने |
| ४ | घाँसको विउ उत्पादन कार्यक्रम | यस कार्यक्रमका लागि घाँस उत्पादनमा पशुपालन गरेका कृषक, दर्ता भएका फार्म, समूह ,सहकारी वा कम्पनी । | विउ खरिद तथा ढुवानीमा अनुदान | विउ खरिदमा ५०% अनुदान तथा ढुवानीमा शतप्रतिशत अनुदान | एकमुष्ठ खरिदमा मात्र ढुवानीमा अनुदान दिइने । |

**(ख) विभिन्न मौसमी तथा बहुवर्षे घाँस विकास कार्यक्रम सञ्चालन प्रक्रिया**

(१) आवेदन/प्रस्ताव माग: कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-४ को ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी कृषक/निजी फार्म/समूह/सहकारी/कम्पनीहरु सँग प्रस्ताव माग गर्नेछ ।

(२) आवेदन/प्रस्ताव पेश : सूचनामा तोकिए बमोजिमको कागजात सहित आवेदकले अनुसूची-५ अनुसारको निवेदनको ढाँचामा वडा कार्यालय वा पशु सेवा शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

(३) प्रारम्भिक छनौट तथा सिफारिस: प्राप्त आवेदन अनुसार कृषक भए नभएको वडा कार्यालयले जाँचबुफ गरी कुल माग परिमाण (बीउ, बिरुवा र सेट्सहरु) पशु सेवा शाखामा पठाउनुपर्नेछ ।

(४) शाखाले माग र बजेट भिडाइ माग न्यून वा अधिक भए पुनर्विचार गर्न वडामा पठाउनेछ ।

(५) शाखाले नियमानुसार खरिद गरी वडा कार्यालय संगको समन्वयमा वितरण गर्नेछ ।

**६. कृत्रिम गर्भाधान**

**क. कृत्रिम गर्भाधानकर्ता छनौट**

(१) राप्ती गाउँपालिकाले आर्थिक वर्षको पहिलो महिनामा कृत्रिम गर्भाधानकर्ता भई काम गर्नका लागि कृत्रिम गर्भाधान कर्ता संग आबेदन[10] माग गर्न १५ दिने सूचना प्रकाशन गर्नेछ ।

(२) प्रस्ताव पेश गर्न इच्छुक योग्यता पुगेका कृत्रिम गर्भाधानकर्ताहरुले अनुसूची-६ वमोजिमको ढाँचामा तोकिएको समयभित्र निवेदन पेश गर्नुपर्नेछ।

(३) सूचनावाट संकलित प्रस्तावहरुलाई अनुसूची-७ को आधारमा मूल्यांकन गरिनेछ ।

(४) मूल्यांकनवाट छनौट भएका प्रस्तावकहरुसँग सम्भौता गरी कृत्रिम गर्भाधानको काम अगाडि वढाइनेछ ।

**ख. कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन**

---

[10]माग्नलाई माग गर्न कायम गरिएको ।

❖ (१) कृषकको घर/गोठमा प्रति गाई/भैसी कृत्रिम गर्भाधान गरे वापत कृत्रिम गर्भाधानकर्तालाई सेवा शुल्क वापत रु ५००।०० उपलब्ध हुनेछ र यस मध्ये रु १०० कृषकले व्यहोर्नेछ भने **बाँकी रु. ४००।००** राप्ती गाउँपालिकाले उपलब्ध गराउनेछ।

(२) कृत्रिम गर्भाधान कर्ताले मासिक रुपमा आफुले गरेको कामको प्रगति पशु सेवा शाखामा पेश गर्नुपर्नेछ।

(३) पशु सेवा केन्द्रमा कृत्रिम गर्भाधान गराउन आएको पशुधनीवाट रु: २५।- राजश्व वापत।

(४) शुल्क लिएर मात्र कृत्रिम गर्भाधान गरिनेछ।

(५) कृत्रिम गर्भाधानका लागि आवश्यक पर्ने सिमेन पालिकाले रु: २५ राजश्व लिएर कृत्रिम गर्धाधानकर्तालाई उपलब्ध गराउनेछ।

(६) सिमेनका अलावा ए.आइ.गन, सिथ तथा ग्लोभस् र गमवुट जस्ता सामग्रीहरु आवश्यकता अनुसार पालिकाले कृत्रिम गर्भाधानकर्तालाई उपलब्ध गराउनेछ।

(७) यस कार्यविधि लागु हुनुभन्दा अधिको कृत्रिम गर्भाधानको हकमा अधिकै नियमानुसार सञ्चालन हुने।

(८) पशु सेवा तालिम केन्द्रहरुबाट तालिमका लागि सहभागी पठाइदिन माग भइ आएमा कृत्रिम गर्भाधान तालिम गर्न इच्छुक सरकारी कर्मचारी वा नभएमा प्राइभेट पाराभेट्सलाई (पशुपालन विषयमा न्यूनतम्[11] जे.टि.ए. वा सो सरह उत्तीर्ण) आवस्यकताको आधारमा पठाइनेछ।

**७. दूध उत्पादनमा आधारित अनुदान कार्यक्रम**

(क) कार्यक्रम सञ्चालन बारेको निर्णय: पशु सेवा शाखाले कार्यक्रम सञ्चालनका लागि कार्यक्रम स्वीकृत भए पश्चात १५ दिने अवधिको अनुसूची-८ अनुसारको प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्ताव पेश गर्ने: इच्छुक निजी डेरी/दुग्ध उत्पादक समूह/सहकारी[12] वा दर्ताबाल गाई/भैसी फार्मले अनुसूची-९ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नेछन्।

(ग) प्रस्तावहरुको मूल्याङ्कन : दूध उत्पादनमा आधारित अनुदान कार्यक्रममा परेका आबेदन प्रस्ताव अनुसूची-१० अनुसारको मापदण्डका आधारमा मूल्याङ्कन समितिवाट मूल्याङ्कन गरी उक्त आर्थिक वर्षमा विनियोजित बजेट तथा संस्थाले सङ्कलन गर्ने दूधको परिमाणलाई मध्यनजर गरी छनौट गरिने संस्थाको सङ्ख्या तय गरी छनौट गरिनेछ।

(घ) सम्झौता गर्ने: छनौट भएका निजी डेरी/दुग्ध उत्पादक समूह/सहकारी संस्थालाई एक हप्ताको अवधि राखी सम्झौता गर्न सूचना प्रकाशन गरिनेछ र अनुसूची-११ अनुसार सम्झौता गरिनेछ।

(ङ) अनुदान वापत कृषकलाई प्रतिलिटर तोकिएको गुणस्तरको दूध बिक्री वापत रु. ४।००[13] उपलब्ध गराइनेछ।

---

[11]न्यूनतमलाई न्यूनतम कायम गरिएको।

[12]वा दर्ताबाल गाई/भैसी फर्म थप गरिएको।

❖ ६(ख)(१) दोश्रो संशोधन

[13]रु ४ कायम गरिएको।

परिच्छेद-३

समितिहरु

८. अनुगमन तथा मूल्यांकन समिति सम्बन्धि व्यवस्था: [14]पशु सेवा शाखाबाट सञ्चालन हुने विभिन्न कार्यक्रम सञ्चालनका लागि प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न र कार्यक्रमहरुको अनुगमन गर्न तपसिल अनुसारका समिति रहनेछन् ।

**क. मूल्याङ्कन समिति**

| | |
|---|---|
| (१) पशुसेवा शाखा प्रमुख | संयोजक |
| (२) आर्थिक विकास समिति सदस्य | एकजना सदस्य |
| (३) आर्थिक प्रशासन शाखा प्रमुख | एकजना सदस्य |
| (४) पशुसेवा शाखाको प्राबिधिक कर्मचारी | एकजना |

यस समितिको मुख्य काम प्रस्ताव छनौटका लागि अनुगमन गरी मूल्याङ्कन गर्नु रहनेछ ।

**ख. अनुगमन समिति** : कार्यक्रम सञ्चालन पश्चात सम्पादित कामको मूल्याङ्कन गरी भुक्तानीका लागि तपसिल बमोजिमको एउटा अनुगमन समिति रहनेछ ।

**तपसिल**

| | |
|---|---|
| (१) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (२) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (३) पशुसेवा शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

देविराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

[14]पशु सेवा शाखाबाट थप गरिएको ।

परिच्छेद-४

## खरिद प्रक्रिया

९. बोका : सरकारी फार्महरुवाट ५०% भन्दा बढी जातीय शुद्धता भएका बोका उपलब्ध गराउन कृषि अनुसन्धान केन्द्र, बाखा विकास फार्म वा अन्य सरकारी फार्ममा आधिकारिक पत्र मार्फत अनुरोध गर्ने र उपलब्ध भएमा सोही कार्यालयवाट खरिद गरी वितरण गर्ने अन्यथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद गरी वितरण गरिनेछ।

१०. घाँसको बीउ, सेट्स र बिरुवा : घाँसको बीउ खरिद गर्नुपूर्व राष्ट्रिय पशु प्रजनन कार्यालय अन्तर्गतको यस क्षेत्रलाई तोकिएको (गौघाट, बाँके) स्थानमा घाँसको बीउ माग गर्ने र आवश्यक परिमाणमा प्राप्त भए वितरण गर्ने अन्यथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद गरी वितरण गरिनेछ।

११. यस कार्यविधिसँग सम्बन्धित सबै खरिद कार्य सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद गरी वितरण गरिनेछ।

परिच्छेद ५

## मापदण्ड

**१२. पशुपालन फार्म, समूह, सहकारीहरुवाट बोका खरिद गर्दा बोकाको मापदण्डहरु तपसिल अनुसार भएको हुनुपर्नेछ-**

(क) बोकाको जातीय शुद्धता प्रतिशत: कम्तिमा ५० प्रतिशत जातीय शुद्धता भएको (सकभर जातीय शुद्धता बढी भएको बोका खरिद गर्न प्राथमिकता दिइनेछ - फार्मको रेकर्डको आधारमा वा स्थानीय निकायको सिफारिसको आधारमा लिने)

(ख) उमेर: सरदर ६ महिना वा सो भन्दा माथि उमेर रहेका।

(ग) तौल: ३० के.जी. भन्दा माथि।

(घ) पूर्ण विकसित अण्डकोष भएको।

(ङ) शरीरमा कुनै किसमको विकृति र रोग नभएको।

(च) वितरणका लागि खरिद गरिने बोकाहरु सकभर एकनासको तौल तथा शारीरिक बनावट भएको।

छ. जातीय शुद्धता जातीय गुण अनुसारको रंग, बनावट र शारीरिक वृद्धि भएको।

१३. घाँसको बीउको मापदण्डको हकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके वमोजिम हुने।

परिच्छेद ६

## वितरण प्रक्रिया

१४. खरिद भएर आइसकेका बोकाहरु तत्कालै विमा कम्पनी वा एजेन्टलाई सम्पर्क गरी ट्याग लगाई विमा गराउनुपर्नेछ र लगाइएको ट्याग नम्बर अनुसार चिठ्ठा रोज्ज लगाई वितरण गरिनेछ।

१५. उपलब्ध बजेट र घाँसको बीउ/सेट्स/बिरुवाको परिमाण यकिन गरी वडा कार्यालयवाट वितरणको व्यवस्था गरिनेछ। वितरणको कार्य जनप्रतिनिधिको रोहवरमा गरिनेछ।

## परिच्छेद ७

## भुक्तानी प्रक्रिया

१६. अनुगमन समितिको प्रतिवेदनबाट उपयुक्त लागेमा अनुगमन समिति तथा पशु सेवा शाखाको सिफारिसमा भुक्तानी हुनेछ।

**१७. भुक्तानीका लागि आवश्यक कागजातहरु**

(क) खरिदको बिल र भर्पाइ।

(ख) प्रतिस्पर्धाबाट सबभन्दा कम दरको सक्कलै निबेदन।

(ग) स्वास्थ्य प्रमाणपत्र तथा विमा कागजपत्रहरु वा उमार शक्ति परीक्षण प्रमाणपत्रहरु।

(घ) कार्यालय र सेवा[15] प्राप्त गर्ने बीचको सम्भौतापत्र।

(ङ) मूल्याङ्कन कागज, टिप्पणी तथा निर्णय आदि।

१८. तरल नाइट्रोजन ढुवानी गर्दा यदि निजी सवारी साधन भाडामा लिनुपरेमा गाडीको किसिम र जिल्ला दररेट अनुसार सम्भौता गरी भाडामा लिएर तरल नाइट्रोजनको व्यवस्था गर्ने।

## परिच्छेद ८

## विविध

१९. प्रचलित कानुन अनुसार हुने : प्रचलित कानुनमा उल्लेख भएकोमा सोही वमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि वमोजिम कार्यान्वयन हुनेछ।

२०. कारवाहीको ब्यवस्था : अनुदान सहयोग प्राप्त गर्ने सहकारी/समूह तथा निजि डेरीले प्राप्त अनुदानलाई दुरुपयोग गरेमा, कृषकको दूधको परिमाणको गलत विवरण पेश गरेमा वा

२१. अनुदानलाई देखाएर कृषकलाई दिनुपर्ने दूधको वास्तविक मूल्यमा कम दिएमा सम्भौता रद्द गरिनेछ।

२२. संशोधन तथा परिमार्जन : राप्ती गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

**२३. खारेजी तथा बचाउ :**

(क) यस कार्यविधि अन्तर्गतका कार्यक्रम सञ्चालन सम्बन्धमाः कार्यपालिका मार्फत भएका निर्णय वा यस अगाडिका कार्यविधि खारेज गरिएको छ।

(ख) यस अगाडि सञ्चालन भएका कार्यविधि अन्तर्गतका कार्यक्रम यसै कार्यविधि अनुसार भएको मानिनेछ।

देविराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

---

[15] सप्लाइरको।

अनुसूची १

**नश्ल सुधारका लागि सहकार्यमा बोका अनुदान प्राप्त गर्न दिइने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया देउखुरी, दाङ।

**विषय : सहकार्यमा बोका उपलब्ध गराइदिनुहुन वारे।**

प्रस्तुत विषयमा हाल मसँग ...................... को संख्यामा माउ बाखा रहेको, मेरी दर्ता जग्गा ............ कड्ठा रहेको, भुइ घाँस ............... कड्ठामा, डाले घाँस ........... कड्ठामा लगाइएकोले मलाई उक्त कार्यक्रममा सहभागी गराउनुहुन तपसिलअनुसार विवरणसहित अनुरोध छ।

**तपसिल**

१. संक्षिप्त कार्ययोजना

२. सरकारी निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

३. तालिम, शैक्षिक योग्यता, अनुभव तथा यदि जग्गा भाडाको भएमा सम्भौतापत्र

४. छनौट भएमा सहकार्यमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नाम :
दस्तखत :
संस्था/व्यक्ति :
ठेगाना :
मोबाइल नं. :
इमेल ठेगाना :

देविराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

### बोका मागको फार्म/समूह/सहकारी छनौटसम्बन्धी मापदण्ड ।

| क्र.सं. | विवरण | विविध | प्रामाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | >५१<br>४०-५०<br>३०-४०<br><३० | ३०<br>२५<br>२०<br>१५ | | समूह सहकारीको मूल्याङ्कन गर्दाको हकमा विविध कोलममा भएको अनुभव वाहेक संख्या तथा क्षेत्रफल विवरण दोव्वर मानी मूल्याङ्कन गरिनेछ । |
| २ | घाँस लगाएको क्षेत्रफल कट्ठामा | >३०<br>२१-३०<br>११-२०<br><१० | ४०<br>३५<br>३०<br>२५ | |
| ७ | बाखापालन अनुभव वर्ष | >११<br>८-१०<br>५-७<br><५ | ३०<br>२५<br>१५<br>१० | |

## अनुसूची ३

### बोका प्राप्त गर्ने फार्म/समूह/सहकारीसँग गरिने सम्भौतापत्र

............... बोका मार्फत प्रजनन गराई नश्ल सुधार गर्ने उद्देश्य राखी बोका उपलब्ध गराउने पशु सेवा शाखा राप्ती गाउँपालिका (यसपछि प्रथम पक्ष भनिनेछ) र राप्ती गाउँपालिका वडा नं. .......... का बाखापालक[16] कृषक/फार्म/समूह/समिति/सहकारी ..............को फार्म (यसपछि द्वितीय पक्ष भनिने) बीच ........ बोका पालन पोषण तथा बोकाको सेवाको विषयमा तपसिल अनुसार सहमति गरी १/१ प्रति लियौं/दियौं।

### तपसिल

१. सहकार्यमा बोका खरिद तथा वितरण कार्यक्रम भएको हुँदा परल मूल्यको आधा मूल्य सम्वन्धित वाखापालक कृषक/फार्म/समूह/सहकारीले व्यहोर्नुपर्ने।

२. द्वितीय पक्षले बोकाको सेवा क्षेत्रभित्र र बाहिर नजिकमा रहेका स्थानीय बोकालाई बन्ध्याकरण गराउनुपर्नेछ र सोको अभिलेख पशु सेवा शाखामा बुझाउनुपर्नेछ।

३. द्वितीय पक्षले बोकालाई उमेर, सेवाको तीव्रताअनुसार सन्तुलित दाना तथा घाँसहरु आवश्यकता अनुसार खुवाउनुपर्नेछ।

४. द्वितीय पक्षले बोका प्राप्त गरेको एक हप्ताभित्र विमा गराउनुपर्नेछ।

५. द्वितीय पक्षले पिपिआर भ्याक्सिन लगायतका भ्याक्सिन समयमै लगाउनुपर्नेछ र प्रथम पक्षले भ्याक्सिन उपलब्ध गराउन सहजीकरण गर्नुपर्नेछ।

६. द्वितीय पक्षले आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण तथा रोग लागेमा उपचार गराउनुपर्नेछ र समस्या परेमा पशु सेवा शाखा तथा विज्ञ केन्द्रसँग सम्पर्क गरी उपचार गराउनुपर्नेछ।

७. द्वितीय पक्षले कुनै कारणवश बोकाको मृत्यु भएमा विमाबाट प्राप्त रकमबाट पुनः सोही गुणस्तरको बोका खरिद गर्नुपर्नेछ।

८. यस विषयसँग विवाद भएमा प्रथम पक्षको निर्णय नै अन्तिम हुनेछ।

९. द्वितीय पक्षले बोकालाई जङ्गलमा चराउन लैजाने छैन।

१०. द्वितीय पक्षले एउटै खोरमा जोडिएको अलग कोठामा कम्तिमा ५ वर्गमिटरको क्षेत्रफल भएको खोरमा[17] पाल्नुपर्ने।

११. द्वितीय पक्षले नातामा प्रजनन कार्यलाई रोक्न सेवा दिन शुरु गरेको १५ महिनामा बोका साट्नुपर्ने।

१२. स्थानीय जातका बोका ३ महिना उमेरमै बन्ध्याकरण गर्नुपर्ने।

**प्रथम पक्षको तर्फबाट**

नाम :

संस्था :

पद :

हस्ताक्षर :

**द्वितीय पक्षको तर्फबाट**

नाम :

संस्था :

पद :

हस्ताक्षर :

---

[16]संशोधनवाट थप।

[17]सच्चाइएको।

## अनुसूची ३

### बोका प्राप्त गर्ने फार्म/समूह/सहकारीसँग गरिने सम्भौतापत्र

.............. बोका मार्फत प्रजनन गराई नश्ल सुधार गर्ने उद्देश्य राखी बोका उपलब्ध गराउने पशु सेवा शाखा राप्ती गाउँपालिका (यसपछि प्रथम पक्ष भनिनेछ) र राप्ती गाउँपालिका वडा नं. .......... का बाखापालक[16] कृषक/फार्म/समूह/समिति/सहकारी ..............को फार्म (यसपछि द्वितीय पक्ष भनिने) बीच ....... बोका पालन पोषण तथा बोकाको सेवाको विषयमा तपसिल अनुसार सहमति गरी १/१ प्रति लियौँ/दियौँ।

**तपसिल**

१. सहकार्यमा बोका खरिद तथा वितरण कार्यक्रम भएको हुँदा परल मूल्यको आधा मूल्य सम्वन्धित वाखापालक कृषक/फार्म/समूह/सहकारीले व्यहोर्नुपर्ने।

२. द्वितीय पक्षले बोकाको सेवा क्षेत्रभित्र र बाहिर नजिकमा रहेका स्थानीय बोकालाई बन्ध्याकरण गराउनुपर्नेछ र सोको अभिलेख पशु सेवा शाखामा बुभाउनुपर्नेछ।

३. द्वितीय पक्षले बोकालाई उमेर, सेवाको तीव्रताअनुसार सन्तुलित दाना तथा घाँसहरु आवश्यकता अनुसार खुवाउनुपर्नेछ।

४. द्वितीय पक्षले बोका प्राप्त गरेको एक हप्ताभित्र बिमा गराउनुपर्नेछ।

५. द्वितीय पक्षले पिपिआर भ्याक्सिन लगायतका भ्याक्सिन समयमै लगाउनुपर्नेछ र प्रथम पक्षले भ्याक्सिन उपलब्ध गराउन सहजीकरण गर्नुपर्नेछ।

६. द्वितीय पक्षले आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण तथा रोग लागेमा उपचार गराउनुपर्नेछ र समस्या परेमा पशु सेवा शाखा तथा विज्ञ केन्द्रसँग सम्पर्क गरी उपचार गराउनुपर्नेछ।

७. द्वितीय पक्षले कुनै कारणवश बोकाको मृत्यु भएमा विमाबाट प्राप्त रकमबाट पुनः सोही गुणस्तरको बोका खरिद गर्नुपर्नेछ।

८. यस विषयसँग विवाद भएमा प्रथम पक्षको निर्णय नै अन्तिम हुनेछ।

९. द्वितीय पक्षले बोकालाई जङ्गलमा चराउन लैजाने छैन।

१०. द्वितीय पक्षले एउटै खोरमा जोडिएको अलग कोठामा कम्तिमा ५ वर्गमिटरको क्षेत्रफल भएको खोरमा[17] पाल्नुपर्ने।

११. द्वितीय पक्षले नातामा प्रजनन कार्यलाई रोक्न सेवा दिन शुरु गरेको १५ महिनामा बोका साट्नुपर्ने।

१२. स्थानीय जातका बोका ३ महिना उमेरमै बन्ध्याकरण गर्नुपर्ने।

**प्रथम पक्षको तर्फबाट**

नाम :

संस्था :

पद :

हस्ताक्षर :

मिति :

**द्वितीय पक्षको तर्फबाट**

नाम :

संस्था :

पद :

हस्ताक्षर :

मिति :

---

[16]संशोधनवाट थप।

[17]सच्चाइएको।

## अनुसूची-४

### (दफा- ६ सँग सम्बन्धित) सूचनाको ढाँचा

प्रथम पटक सूचनाको प्रकाशन मिति : ....................................

प्रस्तुत विषयमा राप्ती गाउँपालिका पशु सेवा शाखाको आ.व. ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपालक कृषकहरुलाई .........% अनुदानमा वर्षिम र जैको घाँसको बीउ/बिरुवा/सेट वितरण कार्यक्रम रहेकोले तहाँ वडाभित्र रहेका पशुपालक कृषक/फार्म/समूह/सहकारीलाई आवश्यक बीउको मात्र सङ्कलन गरी तपसिल बमोजिमको ढाँचामा पठाउनुहुन अनुरोध छ साथै उक्त घाँसको बीउको रकममा कृषकको २५% र गाउँपालिकाको .................% लागत साभेदारीमा वितरण गरिनेछ।

**तपसिल**

| क्र.सं. | कृषक/समूह/सहकारीको नाम | बहुवर्षीय घाँसको बीउ/सेट/बिरुवा परिमाण के.जी. | वर्ष/हिउँदे घाँसको बीउ के.जी. | जग्गाको क्षेत्रफल कठ्ठा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

नोट : घाँस खेतीको लागि वर्षिमको बीउ प्रति कठ्ठा ८०० ग्राम र जैको बीउ ३ के.जी. ५०० ग्राम आवश्यक पर्नेछ। सो वमोजिम माग सङ्कलन गर्नुहुन।

निवेदक :
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं. :
इमेल :

## अनुसूची-५

## घाँसको बीउ/बेर्ना/सेट्स मागको निवेदन निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
राप्ती गाउँपालिका मसुरिया देउखुरी, दाङ, नेपाल।

**विषय : सामग्री उपलब्ध गराइदिनुहुन ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ......................मा प्रकाशित गरिएको सूचनाअनुसार विगत .......... वर्षदेखि मैले ..........................व्यवसाय सञ्चालन गरेको र हाल मेरो फार्मको अवस्था तपसिल अनुसार रहेको जानकारी गराउँदै तपसिल अनुसारका सामग्री उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**तपसिल**

क. पशुपन्छी विवरण

(१) गाई/भैसी/भेडा बाखा संख्या ............... माउ ............साना ..............)

(२) जग्गाको क्षेत्रफल ............. बिगाहा (भुइ घाँस .............. डाले घाँस .............)

ख. आवश्यक बीउ मात्रा

| क्र.सं. | वर्षिम/जै घाँसको बीउवा हाइब्रीड नेपियर सेट वा अन्य बहुवर्षीय घाँसको सेटहरु | परिमाण (के.जि./संख्या) | परल मूल्य | अनुदान रकम | किसानले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची -६

## कृत्रिम गर्भाधानकर्ता भई काम गर्न दिने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
राप्ती गाउँपालिका
मसुरिया देउखुरी, दाङ।

**विषय : कृत्रिम गर्भाधानकर्ता भई कार्य गर्न दिनुहुन बारे।**

प्रस्तुत विषयमा तहाँ पालिकाको मिति २०.................... को सूचना अनुसार तहाँ पालिकालाई गाई/भैसीमा कृत्रिम गर्भाधान गर्न कृत्रिम गर्भाधानकर्ताको आवश्यकता परेकोले तहाँ पालिकाले तोकेका सर्तहरुको अधिनमा रही कार्य गर्न इच्छुक रहेकोले तपसिल अनुसारका कागजातसहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

**तपसिल**

१. शैक्षिक योग्यताको प्रमाणपत्र (...................................)

२. कृत्रिम गर्भाधान गरेको अनुभव तथा संख्या पुष्ट्याइँसहित (.......................)

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. वडा कार्यालयको सिफारिस

५. कृत्रिम गर्भाधानको तालिम (न्यूनतम १५ दिने) लाइसेन्स प्रमाणपत्र

६. भरेको अनुसूची फाराम

७. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

## अनुसूची -७

### कृत्रिम गर्भाधानकर्ता छनौट मापदण्ड

| क्र.सं. | विवरण | पूर्णाङ्क | अङ्क निर्धारण विधि |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | २० | स्नातक वा माथि २०, डिप्लोमा इन एनिमल साइन्स वा सो सरह १५ र जेटिए वा सो सरह १२ |
| २ | कृ.ग.मा अनुभव | ३० | १० वर्षभन्दा माथि ३० अंक, ७-१० वर्ष २० अंक ३-६ वर्ष १५ अंक र <३ वर्ष १० अंक |
| ३ | गत आ.व.मा गरेको कृ.ग. सङ्ख्या | ३० | >५०० संख्या भएमा ३० अङ्क, ४००-४९९ भएमा २० अङ्क ३००-३९९ भएमा १५ अङ्क <३०० भएमा १० अङ्क |
| ४ | गर्भाधारण दर | २० | >५५% भएमा २० अङ्क, ४५-५५% भएमा १५ र <४५% भएमा १० अङ्क |

माथि उल्लेखित जुनसुकै तहको योग्यता भए तापनि न्यूनतम १५ दिने कृत्रिम गर्भाधान कर्ताको तालिम प्राप्त गरेको हुनुपर्नेछ।

कृत्रिम गर्भाधानकर्ताको सङ्ख्या निर्धारण गाउँपालिकाको आवश्यकताका आधारमा हुनेछ।

## अनुसूची-८

### दुग्ध उत्पादक सहकारी/समूह/निजी डेरीहरु/दर्ताबाल गाई/भैसी फार्महरुका लागि प्रस्ताव आह्वानको ढाँचा

राप्ती गाउँपालिकाको आ.व. ........................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुन चाहने इच्छुक दुग्ध उत्पादक सहकारी संस्था, दुग्ध उत्पादक समूह तथा निजी डेरीहरु वा दर्ताबाल गाई/भैसी फार्मले[18] तोकिए अनुसारको फाराम भरी तपसिल बमोजिमका कागजातसहित १५ दिनभित्र यस गाउँपालिकामा पेश गर्नुहुन अनुरोध छ।

**तपसिल**

१. रु. १० को टिकट टाँस गरिएको निवेदन।

२. संस्था/व्यवासाय दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि।

३. नवीकरण प्रमाणपत्र प्रतिलिपि।

४. लेखा परीक्षण प्रतिलिपि।

५. अन्य स्थानबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा।

६. अनुसूची-९ अनुसारको परियोजना कागज।

[18]दर्ताबाल गाई/भैसी फार्म थप गरिएको।

अनुसूची ९

## दुग्ध उत्पादक सहकारी संस्था/समूह/निजी डेरी/दर्ताबाल गाई/भैसी फार्मले दिने आवेदनको ढाँचा

मिति: ......................

श्री राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया देउखुरी, दाङ।

### विषय: कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा मिति ......................मा प्रकाशित सूचना अनुसार यस ........................................ दुग्ध उत्पादक सहकारी संस्था/समूह/निजी डेरी/दर्ताबाल गाई/भैसी फार्मको दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य कागजातहरु संलग्न गरी यो आवेदन पेश गरेका छु/छौं।

### तपसिल

१. कुल सदस्य सङ्ख्या :

२. दुग्ध उत्पादक सदस्य सङ्ख्या :

३. गत वर्ष कुल दूध सङ्कलन लि. ............ औसत दैनिक .............. लि औसत मासिक .................. लि औसत वार्षिक ................. लि।

४. गत वर्ष दूध कारोबार गरेको दिन अङ्कमा ............... अक्षरमा (..........................................................................)

५. गत वर्ष अधिकतम दूध सङ्कलन .................. महिना ................सरदर दैनिक लि.

६. गत वर्ष न्यूनतम दूध सङ्कलन .................. महिना .................. सरदर दैनिक लि.

७. संस्थावाट सङ्कलित दूध केता विवरण

क. ..............................

ख. ..............................

ग. ..............................

घ. ..............................

८. दूध बिक्री गरेको प्रमाण सम्बन्धि कागजपत्र

९. सहकारीको हकमा बार्षिक साधारण सभामा भएको निर्णयहरुको प्रतिलिपि

१०. जम्मा संकलन केन्द्र सङ्ख्याः

११. रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएको

१२. दूधको गुणस्तर परीक्षण गरीअभिलेख राख्ने गरे/नगरेको

१३. मिल्क एनालाइजरको प्रयोग भएको/नभएको

१४. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र

१५. दूध विविधीकरण र बिक्री वितरण गरेको/नगरेको गरेको भए,

क. उत्पादन गरिएको दुग्धजन्य पदार्थ ..............................................................................

ख. दैनिक औसत परिमाण ..............................................................................

ग. बिक्री गर्ने बजार ..............................................................................

१६. समूह/सहकारी/निजी डेरी/दर्ताबाल गाई/भैसी फार्मको दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

१७. कुनै पनि प्रकारको कारवाहीमा नपरेको स्वघोषणा ।

१८. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड संलग्न गर्नुपर्ने ।

१९. कर चुक्ताको प्रतिलिपि ।

२०. दूध विक्रेता सदस्यको बैंक/वित्तीय सहकारी संस्थामा रहेको खाताको विवरण

| क्र.सं. | नाम थर | ठेगाना | बैंक/वित्तीय संस्थाको नाम | ठेगाना | खाता नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची–१०

**दूध उत्पादनमा आधारित अनुदान कार्यक्रममा भाग लिन चाहने दुग्ध उपादक सहकारी, समूह र निजी डेरीका मापदण्डहरु।**

क. आवेदक सम्बन्धित मापदण्डहरु

| क्र.सं. | उत्पादित वस्तुहरु | योग्य आवेदक | आवश्यक सामग्रीहरु | व्यवसायको आधिकारिकता |
|---|---|---|---|---|
| १ | दुध | प्राथमिकताक्रम अनुसार सहकारी, समूह र निजी व्यवसायी साथै लक्षित वर्गहरुको संलग्नता आदि। | मिल्क एनालाइजर/गर्वर सेन्ट्रीफ्यूज मेशिन तथा ल्याक्टोमिटर र यसैवाट नियमित परीक्षण भै सोही अनुसार भुक्तानी भएको। | रास्री गापामा दर्ता तथा नविकरण गरेको प्रमाण पत्रहरु, पान दर्ता तथा नविकरण। |

ख. उत्पादित वस्तु, समावेसी तथा अभिलेख व्यवस्थापन तथा भुक्तानी सम्वन्धि मापदण्डहरु

| क्र.सं. | गुणस्तर | दैनिक सङ्कलन लि. / प्राप्ताङ्क | लाभान्वित कृषकको सङ्ख्या / प्राप्ताङ्क | हालसम्म सेवा प्राप्त नगरेका समुदाय / प्राप्ताङ्क | मशिन तथा अभिलेख व्यवस्थापन तथा भुक्तानी / प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | गाईको दुध ३४ फ्याट र ७५ एस.एन.एफ. न्यूनतम र भैसीको दुध ५४ फ्याट र ८४ एस.एन.एफ न्यूनतम | ०-२५०: १०, २५१-५००: २०, ५०१-९००: ३०, >९०१: ४० | ०-५०: १०, ५१-१००: २०, १०१-४००: ३०, >४०१: ३० | ०-८: १०, ९-४०: ३०, ४१-६०: ३० | ल्याबटो को आधारमा भुक्तानी, गर्वर सेन्ट्रीफ्यूज मशिन आधारमा पासबुक र भुक्तानी, मिल्क एनालाइजर बैंक पासबुक मार्फत भुक्तानी | |

नोटः बिनियोजित बजेटको परिधिभित्र रही क्रमशः धेरै प्राप्ताङ्क प्राप्त गर्नेबाट कम प्राप्ताङ्क प्राप्त गर्ने दुग्ध उत्पादक सहकारी/समूह/निजी डेरी आवश्यकताको आधारमा तय गरिनेछ।

## अनुसूची- ११

### सम्भौतापत्र

रास्री गाउँपालिका पशु सेवा शाखा (यसपछि प्रथम पक्ष भनिने) र ...................... सहकारी/समूह/निजी डेरी (यसपछि दोस्रो पक्ष भनिने) बीच दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्भौता गरी १/१ प्रति लियौं दियौं।

**तपसिल**

१. दोस्रो पक्षले आफ्नो संस्थामा आबद्ध कृषकका पशुहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजीवी नियन्त्रण गर्ने, पशु उपचारपछि दूध प्रयोग गर्न नमिल्ने अवधि (Withdrawal period) को पालना गरेको हुनुपर्नेछ। थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको पशुको दूध खरिद नगर्ने प्रबन्ध गरेको हुनुपर्नेछ।

२. दोस्रो पक्षले आफ्ना कृषकहरुबाट खरिद गरिने दूध [illegible] बन्द गरी सङ्कलन केन्द्रसम्म ल्याउने तथा [illegible]।

३. दोस्रो पक्षले आफ्ना कृषकहरुलाई पहिलो महिनाको दूध [illegible] (Milk Volume) तथा गुणस्तर (Fat, S.N.F. वा Lactometer reading) [illegible] प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ।

४. प्रथम पक्षले बुँदा ३ अनुसार पेश भएको तथ्याङ्क आधारमा मूल्याङ्कन समितिले [illegible] आधारमा शाखाको सिफारिसमा लेखा शाखा मार्फत् सम्बन्धित कृषककै खातामा रकम भुक्तानी गरिनुपर्नेछ।

५. दोस्रो पक्षले दूध खरिदको गलत विवरण पेश गरेमा प्रथम पक्षले तत्काल सम्भौता भङ्ग गरिनेछ।

६. दोस्रो पक्षले प्रत्येक आषाढ १० देखि १५ गतेभित्र[20] आफ्नो डेरीमा कारोबार गरेका कृषकको विवरण पेश गर्नुपर्नेछ।

७. यो सम्भौतामा उल्लेख भएका कुराहरु यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

इति सम्वत् २०......../.........../.......... गते ......... रोजमा शुभम्।

**दोस्रो पक्ष:**

दस्तखत :

मिति :

नाम: श्री ..........................................

ठेगाना: राप्ती ..................................

**पहिलो पक्ष :**

दस्तखत :

मिति :

श्री :..........................................

प्रमुख प्रशासकिय अधिकृत

**रोहबर**

दस्तखत

दोस्रो पक्षको तर्फबाट

नाम : ..................................

दस्तखत

प्रथम पक्षको तर्फबाट

नाम : ..................................

यस सम्भौतामा आवश्यकता अनुसार सम्सोधन गर्न सकिनेछ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत पाठक

[19] अनुसूची १० ख कायम गरिएको।
[20] अषाढ १० देखि १५ कायम गरिएको।